नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

## प्रेस विज्ञप्ति

मिति २०८० जेठ १० गते नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यूको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६५औं बैठक बस्यो। उक्त बैठकमा सेवा प्रवाहमा सुधार, संयुक्त बजार अनुगमन, अखाद्य पदार्थ तथा फलफूलमा हुने विषादी परीक्षणको अवस्था तथा अनुगमन, स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य उपकरणको उपयोग, डेंगी, हैजा जस्ता महामारी नियन्त्रण तथा प्रतिकार्य, विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन लगायतका विषयमा छलफल भयो।

सो बैठकमा सार्वजनिक सेवा प्रवाहलाई अझ सरल, सहज, छिटो र छरितो बनाउने, कृषकका लागि चाहिने मलखाद तथा बिउ बिजन आवश्यकता अनुसार समयमै उपलब्ध गराउने, कालो बजार नियन्त्रण, अखाद्य वस्तुको बिक्रीमा नियन्त्रण तथा राजस्व छली जस्ता विषयमा हुने संयुक्त बजार अनुगमनलाई अझ सशक्त र नतिजामूलक बनाउने विषयमा श्रीमान् मुख्यसचिवज्यूले निर्देशन दिनुभयो। साथै डेंगी, हैजा जस्ता महामारी नियन्त्रणका लागि तयार गरिएको कार्ययोजनालाई सरोकारवाला सबै निकायले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, विपद् प्रतिकार्यको पूर्वतयारी लगायतका विषयमा कार्ययोजना बमोजिमका कार्यलाई तदारुकताका साथ कार्यान्वयन गर्ने, आगामी आर्थिक वर्षदेखि सरकारी केन्द्रीय निकायबाट खरिद हुने सफ्टवेयर अनिवार्य vetting गर्ने व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने सम्बन्धमा समेत श्रीमान् मुख्यसचिवज्यूले निर्देशन दिनु भयो।

२०८० जेठ १२

नारायण प्रसाद भट्ट
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np